२०८२/०३/१६ गतेका दिन धुर्कोट गाँउपालिकाका अध्यक्ष श्री भुपाल पोखरेल ज्यूको अध्यक्षतामा देयायको उपस्थितिमा गाँउकार्यपालिकाको वैठक वसी निम्न अनुसार गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र.स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भुपाल पोखरेल | अध्यक्ष | [signature] |
| २ | सिता गिरी | उपाध्यक्ष | [signature] |
| ३ | चेतमान कुवँर | वडा अध्यक्ष | [signature] |
| ४ | वावुराम खड्का | वडा अध्यक्ष | [signature] |
| ५ | पदम विष्ट | वडा अध्यक्ष | [signature] |
| ६ | विर बहादुर कुवँर | वडा अध्यक्ष | [signature] |
| ७ | केशवराज भण्डारी | वडा अध्यक्ष | [signature] |
| ८ | कृष्ण बहादुर सार्की | वडा अध्यक्ष | [signature] |
| ९ | लिला बहादुर खनाल | वडा अध्यक्ष | [signature] |
| १० | गोमिता सार्की | कार्यपालिका सदस्य | [signature] |
| ११ | विमला सुनार पाध्यावती | कार्यपालिका सदस्य | — |
| १२ | रमिला पुरी | कार्यपालिका सदस्य | रमिला |
| १३ | प्रेम बहादुर कुमाल | कार्यपालिका सदस्य | [signature] |
| १४ | धन बहादुर वि.क | कार्यपालिका सदस्य | — |
| १५ | कस्मिरा अधिकारी | कार्यपालिका सदस्य | [signature] |
| १६ | ज्ञानुराम पन्थी | सचिव | [signature] |

आमन्त्रित
पवित्रा भुसाल (सहायक स्तर पाँचौं) [signature]

मिति २०८२ असार १६ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं १ बालश्रम मुक्त वडा घोषणा सम्बन्धमा

धुर्कोट गाउपालिका अन्तरगतका ७ वटै वडाहरुले बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७ को परिच्छेद ३ बमोजिमका सूचकहरु पुरा गरी आ आफ्नो वडालाइ बालश्रम मुक्त वडा घोषणा गर्न सिफारिस गरेको आधारमा स्थानीय समन्वय समितिले अनुगमन गर्दा ७ वटै वडा हरुले परिच्छेद ३ बमोजिमका सूचकहरु पुरा गरेकोले सबै वडालाइ बालश्रममुक्त वडा घोषणा गर्न सकिने भनि प्रतिवेदन दिएकोले गाउँपालिका अन्तरगतका सातवटै वडाहरुलाइ बालश्रममुक्त वडा घोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं २ बालश्रममुक्त पालिका घोषणा सम्बन्धमा

धुर्कोट गाउँपालिकाका ७ वटै वडाहरु बालश्रम मुक्त घोषणा भइसकेको सन्दर्भमा धुर्कोट गाउँपालिकालाइ बालश्रममुक्त गाउँपालिका घोषणाको लागि गाउँसभा बैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ३ रोजगार रणनीति स्वीकृत सम्बन्धमा

परामर्श सेवा प्रदायक श्री रिसर्च एजेन्सी फर फेडेरल एण्ड लोकल डेभलपमेन्ट, काठमाण्डौ नेपालको सहयोगमा निर्मित धुर्कोट गाउँपालिकाको रोजगार रणनीति २०८२ माथि दफावार छलफल गरी स्वीकृत गरियो ।

निर्णय नं ४ मेलमिलाप सम्बन्धी कार्यविधि स्वीकृत सम्बन्धमा

धुर्कोट गाउँपालिकाको मेलमिलाप सम्बन्धी कार्यविधि २०८२ उपर दफावार छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ५ विपन्न नागरिकलाइ स्वास्थ्य विमा गरिदिने सम्बन्धमा

धुर्कोट गाउँपालिकामा स्थायी वसोवास भएका १४ जना विपन्न परिवारको लागि गाउँपालिकाबाट सत प्रतिसत आर्थिक सहयोगमा स्वास्थ्य विमा गरिदिने निर्णय गरियो ।

निर्णय नं ६ बालमैत्री स्थानीय शासन कार्यान्वयन पुरस्कार सम्बन्धमा

धुर्कोट गाउँपालिका वडा नं १ नयाँगाउँले यही मिति २०८२ साल असार १५ गते आफ्नो वडालाइ गुल्मी जिल्लामै पहिलो बालमैत्री स्थानीय शासन कार्यान्वयन भएको वडा घोषणा गर्न सफल भएकोले उक्त वडाको प्रशंसनीय कार्यको लागि वडा कार्यालयलाइ रु १ लाख नगद पुरस्कार प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं ७ कृषक पुरस्कार सम्बन्धमा

धुर्कोट गाउँपालिकाको आ व ०८१।८२ को वार्षिक बजेटमा कृषि र पशु पालन तर्फ उत्पादनमा आधारित पुरस्कारको लागि बजेट व्यवस्थापन भएकोमा धानवाली विधा तर्फ बाहेक अन्य उत्पादनको लागि डाटा संकलन कार्य र रियल टाइम नीरिक्षण तथा सुपरीवेक्षण प्रभावकारी नदेखिएको, कृषकहरुले पेश गरेको विवरण समेत यकिन गरी पुष्टी गर्न सक्ने पर्याप्त आधार नपाइएकोले धानवाली बाहेकका विधामा उक्त उत्पादनमा आधारित पुरस्कार प्रदान नगर्ने निर्णय गरियो । साथै आगामी दिनमा यस्ता खालका उत्पादनमा आधारित पुरस्कारहरु वितरण गर्दा उत्पादन भित्राउने समयमै स्थलगत नीरिक्षण, सुपरिवेक्षण तथा मापन गरी पर्याप्त आधार प्रमाण उपलब्ध भएपछि मात्र लाभग्राही छनोट गरी पुरस्कृत गर्ने निर्णय गरियो ।

निर्णय नं ८ विविध

- वडा नं ३ हाडहाडेमा संचालित ठुलामूल लीफ्ट खानेपानी तथा सरसफाइ योजनाको मेशिनरी सामग्री मर्मत संभार गर्दा लागेको खर्च वापत रु ९० हजार मर्मत संभार कोष शिर्षकबाट उक्त आयोजनाको उपभोक्ता समितिको खातामा जानेगरी भुक्तानी दिने ।
- रोटरी क्लव अफ रेशुङगा गुल्मीले संचालन गरेको वृहत निशुल्क स्वास्थ्य शिविरको सहयोगार्थ संघसँस्था सहयोग शिर्षकबाट रु १० हजार सहयोग गर्ने ।
- बौद्धिक अभिभावक संघ जिल्ला कार्य समिति गुल्मिले बौद्धिक अपांगता भएका व्यक्तिको लागि दिवाकक्षा संचालन गर्नको लागि आवश्यक फर्निचर फर्निशिङ कार्यका लागि आर्थिक सहयोग माग गरेकोले उक्त सँस्थालाइ सँघसँस्था सहयोग शिर्षकबाट रु १० हजार आर्थिक सहयोग गर्ने ।
- खड्गछत्र स्वजागरण ध्यान साधना केन्द्र वडा नं ६ लाइ योगा ध्यान प्रणायाम प्रयोजनको लागि योगा म्याट र साउण्ड सिष्टम खरिद गरि उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner